ललितपुर महानगरपालिका
२३ नं. वडा कार्यालय
धापाखेल, ललितपुर

**सम्पर्क नम्बर**ः ५२७५३८४

## ललितपुर महानगरपालिका वडा नं. २३ को परिचय

ललितपुर महानगरपालिका वडा नं. २३ को कार्यालय धापाखेल ललितपुरमा अवस्थित रहेको छ । यस सुन्दर नगरी धापाखेलमा अवस्थित २३ नं. वडाको पूर्वमा ललितपुर महानगरपालिका वडा नं.२८, पश्चिममा वडा नं.१५ तथा वडा नं.२६, उत्तरमा वडा नं.१५ र दक्षिणमा वडा नं.२४ रहेको छ । बहु जातिय बसोबास भएको यस वडामा मुख्यतया नेवार, क्षेत्री, ब्राह्मण लगायतका अन्य जातजातिको समेत बसोबास रहेको छ । २०६८ सालको जनगणना अनुसार यस वडाको जनसंख्या ७००२ रहेको र यो वडा साविकको धापाखेल गाउँ विकास समितिको वडा नं.१ र २ मिलि बनेकोछ ।

### महत्वपूर्ण स्थानहरुः

यस वडा क्षेत्रभित्र शैक्षिक संस्थाहरुमा २ वटा सामुदायिक विद्यालय तथा ५ वटा संस्थागत विद्यालयहरु रहेका छन् ।
स्कूलः सामुदायिक विद्यालयतर्फ
१.पद्मप्रकाश मा.वि.
२.श्रीकृष्ण मा.वि.
संस्थागत विद्यालयतर्फ
१.जुगल मा वि
२.आई जे पायोइनर मा.वि.
३.जेम्स स्कुल
४.कान्तिपुर इन्जिनियरिङ कलेज
५.काठमान्डौ युनिभरसिटि कलेज अफ आर्ट
**यस वडामा सुमेरु हस्पिटल रहेको छ ।**
यसै गरी यस वडामा रहेका सांस्कृतिक तथा धार्मिक सम्पदामा **सिद्धिगणेश मन्दिर, देवस्थल मन्दिर, श्रीकृष्ण मन्दिर, शिव मन्दिर, रहेका छन् र एक ठूलो पंधेरो** रहेको छ । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको हात्तीवन र किराँतेश्वर मन्दिर समेत यसै वडामा अवस्थित रहेको छ ।

खेलकुदतर्फ एक ब्याडमिन्टन कोर्ट रहेको छ ।

यस वडामा एक टेवा नामक INGO रहेकोछ ।

| क.सं. | जनप्रतिनिधिहरुको नाम | सम्पर्क नाम |
|---|---|---|
| १ | श्री भुयुकाजी महर्जन | ९८५११७०७८९ |
| २ | श्री बुद्धिलक्ष्मी महर्जन | ९८४१२४२६१५ |
| ३ | श्री सानुमाया वि.क. | ९८४१६७७५८६ |
| ४ | श्री जीवन महर्जन | ९८५१०१००७९ |
| ५ | श्री राधेश्याम कठायत | ९८५११५८१२८ |